दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईंको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१



वर्ष ३८ | अंक ८२ | बुटवल | २०८२ चैत ०८ गते, आइतबार | नेपाल संवत ११४६ | Sunday March 22, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


## कपिलवस्तुको बर्गदवामा निषेधाज्ञा



कपिलवस्तु । कपिलवस्तुको महाराजगञ्ज बर्गदवामा दुई समुदायबिच झडप रोक्न जिल्ला प्रशासनले अनिश्चितकालीन निषेधाज्ञा जारी गरेको छ।

शनिबार बिहान मन्दिरमा भजन गाउँदा तोडफोडको विषयलाई लिएर हिन्दू र मुस्लिम समुदायका युवाबिच तनाव सिर्जना भएको थियो। सम्भावित झडपलाई रोक्न कुनै किसिमको भेला, सभा, जुलुस गर्न नपाउने गरी जिल्ला प्रशासन कार्यालय कपिलवस्तुले शनिबार दिउँसो २ बजेदेखि अर्को सूचना जारी नभएसम्म निषेधाज्ञा जारी गरेको छ।

पूर्वमा बर्गदी पुल, पश्चिम बहादुरगञ्ज चोक, उत्तर महाराजगन्ज बजार र दक्षिणमा हर्दौनासम्म निषेधाज्ञा जारी गरिएको प्रशासनले जनाएको छ।

राम नवमीको अवसरमा हिन्दू धर्मावलम्बीहरुले मन्दिरमा भजन गाउँदा तथा इदको अवसरमा मुस्लिम समुदायले मस्जिदमा नवाज पढ्दै गर्दा दुवैतर्फबाट माइकको आवाज चर्को भएको विषयमा विवाद र झडप भएको थियो।

झडपका क्रममा ढुंगा प्रहार भएको र ५ जना सामान्य घाइते भएका निमित्त प्रमुख जिल्ला अधिकारी भविश्वर घिमिरेले बताए। निषेधाज्ञापछि स्थिति नियन्त्रणमा आइसकेको घिमिरेले बताए।

## इनिसा हत्यामा संलग्न छिट्टै पक्राउ पर्छन् : आइजीपी



बुटवल। प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले इनिशा बिक हत्या प्रकरणमा तथ्य र प्रमाणको आधारमा अनुसन्धान भइरहेको बताएका छन्।

अन्तर्राष्ट्रिय जाति तथा रंगभेद उन्मूलन दिवसको अवसरमा शनिबार काठमाडौंमा आयोजित कार्यक्रममा प्रहरी महानिरीक्षक कार्कीले सुर्खेतको उक्त घटनामा कानुनलाई अक्षरशः पालना गर्दै तथ्य र प्रमाणको आधारमा अनुसन्धान भइरहेको बताएका हुन्।

कार्कीले पीडित परिवारसँग निरन्तर सम्पर्क भइरहेको र दोषीलाई कारबाहीका साथै न्याय पाउनुपर्ने आवाजको सुनुवाइ हुने प्रतिबद्धता जनाए। अनुसन्धानका लागि पर्याप्त रुपमा परिचालन गरिएकाले छिट्टै उक्त घटनाको निष्कर्ष बाहिर आउने उनको भनाइ छ।

त्यस्तै प्रहरी महानिरीक्षक कार्कीले सबै नागरिकले बराबरको हक अधिकार प्राप्त गर्नुपर्ने भन्दै सबै किसिमको विभेदका विरुद्ध कानुन बमोजिम अघि बढ्ने समेत बताए।

### सुरेन्द्र पाण्डेको ठहर :

# एमाले सच्चिने कि सक्किने संकट सामना गर्दैछ

**विज्ञतामा आधारित राजनीति, डिजिटल मेरिटोक्रेसी र संरचित पुस्तान्तरण गरे एमाले पुरानै लयमा फर्किन सक्ने पाण्डेले विश्वास व्यक्त गरेका छन्।**

**लुम्बिनी संवाददाता**

*बुटवल*



नेकपा एमालेका नेता सुरेन्द्र पाण्डेले पार्टीले सही दिशा नलिए पार्टी सक्किने अवस्थामा पुग्ने चेतावनी दिएका छन्। शनिबार बुटवलमा आयोजित एक अन्तरक्रियामा बोल्दै उनले पार्टीको सबै संरचना र कार्यशैली बदलेर मात्रै पार्टीलाई संकटबाट जोगाउन सकिने बताए।

जनताको शक्ति भनेकै संसद भएको, तर पार्टी अध्यक्ष केपी ओलीले दुई-दुई पटक संसद विघटन गरेपछि नै पार्टीको ओरालो यात्रा सुरु भएको पाण्डेले औंल्याए।

पार्टी अध्यक्ष एक पटक मात्र हुन पाउने व्यवस्था संविधानमै भएको भए पनि एमाले अहिलेको अवस्थामा नआउने पाण्डेले टिप्पणी गरे। एकपटक अध्यक्ष भएपछि सबै शक्ति हातमा लिने र नेतृत्व छाड्न नचाहने, सामूहिक नेतृत्व र टिममा काम गर्ने निश्चित पद्दति नभएकाले पनि पार्टी कमजोर बन्दै गएको पाण्डेले औंल्याए।

पार्टीलाई पुनर्संरचना गरेर पुरानै अवस्थामा फर्काउन अब देशभरका पार्टी सदस्यहरुले आफ्नो सार्वभौम अधिकार प्रयोग गर्नुपर्ने नेता पाण्डेले आग्रह गरे। संघीय निर्वाचनको प्रभाव प्रदेश र स्थानीय तहसम्म जाने भन्दै उनले पार्टीले व्यहोरेको पराजयको जिम्मेवारी नेतृत्वले लिन तयार हुनुपर्ने बताए। 'नेतृत्व र जिम्मेवारीमा बसेर कमजोरी स्वीकार्न र बदलिएर जान तयार हुनुपर्छ,' उनले भने-'पार्टी अहिलेनिर्णायक मोडमा छ, सच्चिने कि सक्किने भन्ने अवस्थाको सामना गरिरहेको छ।'

सच्चिने अन्तिम मौका रहेको, तर धेरै ढिला भइरहेको भन्दै उनले समस्या सतही नभई संरचनागत रहेको दाबी गरे। 'महोत्तरी र धनुषाको पार्टी सदस्य संख्या र पाएको मत संख्याले पुष्टी गरेको छ कि यो सर्भिसिङबाट होइन स्ट्रक्चरल समस्या छ, यो पुरै फेर्नुपर्छ,' उनले भने-'यो नभए सक्किनेबाहेक केही होइन।' हरेक वडाको पार्टी सदस्य संख्या र अहिले पाएको मत तुलना र समीक्षा गरेर पार्टी पुनःसंरचना गर्न कार्यकर्ता तह जाग्नुपर्ने पाण्डेले आग्रह गरे।

पाण्डेले अब स्थानीय तह, प्रदेश र संघीय निर्वाचनका उम्मेदवारलाई टिकट सम्बन्धित पार्टी कमिटीले निर्णय गर्न पाउनुपर्ने व्यवस्था गरेमा पार्टी संगठन स्थानीय तहसम्म विकेन्द्रित र बलियो हुने औंल्याए।

यसपटकको निर्वाचनमा सामाजिक सञ्जाल र सूचना प्रविधिको पहुँचको प्रभावले ठूलो असर गरेको स्वीकारे।

युवादेखि ज्येष्ठ मतदातासम्मको दूरी बढेको उल्लेख गर्दै उनले एमालेलाई ३० वर्षमुनिका अधिकांश युवाले भोट नहालेको र ६० माथिका भोट हाल्नै नगएको तर्क गरे। एमालेले संरचनागत आमूल सुधार र कार्यशैली नसुधारे अर्को चुनावमा स्कुटरमा अट्ने सीट मात्र जित्ने टिप्पणी गरे।

'२०७४ मा झन्डै १७४ सीट जित्दा दिग्विजय गर्‍यौं भन्ने थियो नि,जोगाउन सकेनौं। एमाले (कम्युनिस्ट)हरू पहिला ३/४ वटा बसमा आउँथे, ७८ को चुनावमा एउटा बसमा आयो, अहिले माइक्रो बस भयो, अब अर्को चोटी स्कुटरमा अट्ने सिट मात्र आउँछ,' पाण्डेले भने-'हामीले ठिक बाटो लिएनौं भने त त्यही होला। त्यसैले हामी जोखिम अवस्थामा छौं। तर संकल्प गरेर अगाडि बढ्नुपर्छ, सबै कार्यशैली परिवर्तन गर्नुपर्छ।'

कमजोरीप्रति निर्मम बनेपछि मात्रैसही बाटो पहिल्याउन सकिने अन्यथा सामूहिक मलामी जाने दिन आउने पाण्डेको चेतावनी छ।

पूर्वअर्थमन्त्रीसमेत रहेका नेता पाण्डेले वितरणमुखी नभएर उत्पादनमुखी अर्थतन्त्र अंगालेर मात्रै देशलाई अगाडि बढाउन सकिने बताएका छन्।

उनले अर्थराजनीतिक कनेक्सन नहुँदा र दलका नेताहरुले आर्थिक विषयमा गम्भीर चासो नदिँदा समस्या बढेको जनाए। 'जनप्रतिनिधि आधारभूत अर्थतन्त्रका विषयमा जानकार नहुँदा धेरै समस्या परेको छ, स्रोतबिना जनप्रतिनिधिले योजना बाँड्दा कार्यान्वयनमै संकट आएको हो। सबै मिलेर सुधार गर्नुपर्नेछ।'- उनले भने।

उनले एसपीपी र एमसीसी सम्झौताले अमेरिकी सेना आउने अनावश्यक हल्ला गरेर जान नहुने बताए। 'एसपीपी र एमसीसी सम्झौताले अमेरिकी सेना आउने होइन, त्यो हल्ला र संशय हो, अमेरिकी सेना आउन एमसीसी र एसपीपी सम्झौता गर्नुपर्दैन। विश्वका धेरै उदाहरण देखिएको छ।'-उनले भने।

'भित्रभित्र सहमति जनाएर हस्ताक्षर गर्ने बाहिर क्रान्तिकारी बनेर विरोध गर्ने दोहोरा चरित्रले समस्या पारेको छ, यसले अर्थमा मात्रै होइन कूटनीतिक रुपमा समेत समस्या पार्दछ।'- उनले भने।

उनले पूँजीवादको चरम सदुपयोग गरेर समाजवाद आउने भएकाले परम्परागत वर्गसंघर्ष पूँजीवादमै हुने र मजदुर वर्गले पूँजीवादलाई साम्यवादमा लैजानसक्ने धारणा राखेका थिए।

पाण्डेले पार्टीलाई आधुनिक र शक्तिशाली बनाउनका लागि इतिहासको ब्याजमा नभइ भविष्यको लगानीमा ध्यान दिन आवश्यक रहेको टिप्पणी गरेका छन्।

शनिबार नै सामाजिक सञ्जालमार्फत् उनले पार्टी पहिलेकै लयमा फर्कने कुरामा आफू विश्वस्त रहेको बताएका छन्।

'के अब एमाले पहिलेकै लयमा फर्किन्छ ? मेरो विश्वास छ, हामी फर्किने मात्र होइन, अझ आधुनिक र शक्तिशाली भएर उदाउन सक्छौं,' पाण्डेले भनेका छन्-'तर यसका लागि हामीले 'इतिहासको ब्याज' मा होइन, 'भविष्यको लगानी' मा ध्यान दिनुपर्छ।'

» *बाँकी ३ पेजमा..*

# उधारो असुली कानुन चाहियो : श्रेष्ठ



बुटवल। नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष अञ्जनकुमार श्रेष्ठले उद्योगी व्यवसायीका लागि उधारो असुली कानुन आवश्वक रहेको बताएका छन्। उनले उधारोमा भएको कारोबारले उद्योगी व्यवसायीलाई निकै अफ्ठ्यारोमा पारेको बताउँदै उधारो असुलीका लागि परिणाममुखी कानुन आवश्यक रहेको बताएका हुन्।

तिलोत्तमा उद्योग वाणिज्य संघ, रुपन्देहीको शनिबार सम्पन्न १२औं वार्षिक साधारणसभामा बोल्दै नेपाल उद्योग वाणिज्य महासंघका आगामी कार्यकालका अध्यक्ष समेत रहेका वरिष्ठ उपाध्यक्ष श्रेष्ठले उधारो असुली कानुन निर्माण गर्न प्राथमिकताका साथ लागि पर्ने प्रतिबद्धता व्यक्त गरे। त्यसैगरी उनले कृषिको व्यवसायिक विकास र कृषिजन्य कच्चा पदार्थमा आधारिक औद्योगिक विकासमा आफ्नो योजना रहेको सुनाए।

उनले उद्योगी व्यवसायीका लागि चुनौती धेरै रहेको बताउँदै चुनौतीका सामना गरेर औद्योगिक विकास तथा निजी क्षेत्रको प्रवर्द्धनका लागि आफू र आफ्नो टिमले काम गर्ने भनाइ राखे। अहिले पनि उद्योग सञ्चालन गर्दा जमिनको ७० प्रतिशत खुला राख्नुपर्ने र बाँकी ३० प्रतिशत जमिनमा मात्रै भवन निर्माण गर्न पाईने मापदण्डको विरोध गरे। उनले औद्योगिक विकासका लागि बाधक रहेको उक्त मापदण्ड उद्योगी व्यवसायीको उपस्थितिमा संशोधन गर्नका लागि तयार रहन सरकारलाई आग्रह गरे।

प्रतिनिधिसभा निर्वाचन अगाडि राष्ट्रिय स्वतन्त्र पार्टीले गरेको वाचा र उक्त दललाई प्राप्त चुनावी परिणामले निजी क्षेत्रलाई आशातित बनाएको बताउँदै उनले २ तिहाई नजिकको जनमत प्राप्त गरेको दलले बनाउने सरकारसँग निर्वाचनमा गरेका वाचा कार्यान्वयन गर्नेगरी अगाडि बढ्न पनि आग्रह गरे। उनले रास्वपाले गरेको करका दर घटाउने वाचाले उद्योगी व्यवसायीलाई आशा जगाएको बताउँदै पहरेदारको रुपमा रहन आम उद्योगी व्यवसायीलाई आग्रह गरे।

१० प्रतिशत लिँदै आएको मूल्य अभिवृद्धि कर (भ्याट) द्वन्द्वकालमा १३ प्रतिशत पुऱ्याइएको बताउँदै उनले द्वन्द्व सकिएपछि पनि त्यसलाई घटाउनेतर्फ कुनै पनि सरकारले ध्यान नदिएको, उद्योग व्यावार स्थापना तथा सञ्चालनमा झण्झटिलो प्रकृया तथा प्रदेश र स्थानीय सरकारले समेत करको भार थप्दै जाँदा उद्योग व्यवसाय बन्द गर्नुपर्ने अवस्थामा पुगेको बताए।

यस्तो अवस्थामा करका दर घटाउने कुराले आफूहरुलाई आशा जगाएको बताउँदै चुनाव अगाडि गरिएका वाचा कार्यान्वयनमा उद्योगी व्यवसायी चनाखो हुनुपर्ने उनले बताएका हुन्।

त्यस अवसरमा बोल्दै तिलोत्तमा नगरपालिकाका नगरप्रमुख रामकृष्ण खाँणले उद्योगी व्यवसायीका समस्यामा स्वयम् उद्योगी व्यवसायीले आवाज उठाउन नसकेको बताए। उनले खुला सीमाको फाइदा उठाएर पारी जाने उपभोक्ताको वानी परिवर्तन गर्न आवश्यक रहेको जनाए। उनले प्रहरी प्रशासनले गर्ने ज्यादतीले भारतीय पर्यटक तथा सरकारको औद्योगिक नीतिले लगानीलाई निरुत्साहित गरेको बताए।

उद्योग स्थापना गर्दा ७० प्रतिशत खुला राख्नुपर्ने र ३० प्रतिशतमा जमिनमा मात्रै भवन निर्माण गर्नुपर्ने प्रावधानले उद्योगीलाई निरुत्साहित गरेको औंल्याउँदै तिलोत्तमा नगरपालिकाका त्यसलाई संशोधन गरेर ५०/५० प्रतिशतका प्रवाधान बनाइएको जानकारी गराए।

त्यसगरी नेपाल उद्योग वाणिज्य महासंघका लुम्बिनी प्रदेश अध्यक्ष कृष्णप्रसाद शर्माले देशकै मध्येमागमा पर्ने रुपन्देहीको तिलोत्तमा नगरपालिका व्यवसायिक कृषि तथा औद्योगिक विकासका लागि राम्रो सम्भावना रहेको बताउँदै औद्योगिक नीति, उद्योग स्थापनामा झण्झटीयो प्रकृया, भैरहवाको अन्तर्राष्ट्रिय विमानस्थल, उद्योगका विद्युत् समस्या, करको दर यावत कुरामा अब बन्ने सरकारले लिने नीतिले उद्योग व्यवसायको भविश्य निर्धारण गर्ने बताए।

उनले औद्योगिक विकास, उद्यमशिलता विकास स्टाटअपका लागि तीनै तहका सरकारले ध्यान दिन आवश्यक रहेको बताए। उनले आगामी दिनमा रुपन्देही र आसपासका उद्योगी व्यवसायीका बिचमा नियमित आर्थिक संवादको थालनी गर्नुपर्नेमा समेत जोड दिए।

» *बाँकी ३ पेजमा*




# सम्पादकीय

## लुम्बिनी प्रादेशिक अस्पतालको गुणात्मक फड्को

लुम्बिनी प्रादेशिक अस्पतालले संस्थागत क्षमता विस्तार र सेवा प्रवाहलाई गुणस्तरीय बनाउन निरन्तर पहलकदमी लिएको छ। कुनै बेला लुम्बिनी प्रादेशिक अस्पताल भन्ने बित्तिकै एक शैयामा तीन जना राखेर उपचार गरिन्छ भन्ने चर्चा हुन्थ्यो, अहिले सरकारी अस्पताल हुनु त यस्तो पो भन्ने चर्चा हुने गरेको छ। सरकारले योजनाबद्ध पहलकदमी लिए सुधार गर्न मात्रै होइन्, गुणात्मक फड्को मार्न सकिन्छ भन्ने एउटा उदाहरण हो।

अहिले लुम्बिनी प्रादेशिक अस्पतालको १२ सय शैया क्षमताको अत्याधुनिक अस्पताल भवन बन्दैछ। यो भवन बनेपछि अस्पतालको उपचार सेवा विस्तारले गुणात्मक फड्को मार्नेछ। यद्यपी पूर्वाधार संरचना निर्माणसँगै मानव संशाधन, जिम्मेवारीबोध र सेवाभावले समेत अस्पतालको सेवा प्रवाहमा प्रभाव पार्छ। केही वर्षअघिसम्म आकस्मिक कक्षमा एउटा शैयामा तीन जना बिरामी राखेर उपचार गरिन्थ्यो। अहिले त्यो अवस्थाको अन्त्य भएको छ। शल्यक्रिया कक्षमा एकैपल्ट धेरै जना बिरामीको शल्यक्रिया गर्न सकिन्छ। जेष्ठ नागरिकको उपचारको लागि सहुलियतको सुविधा, विशेषज्ञ चिकित्सकबाट सेवा प्रवाह, अस्पतालको फार्मेसी हुँदा बाहिर औषधि किन्न जानुनपर्ने, अस्पतालको चमेनागृहमा गुणात्मक सुधार जस्ता कामले अस्पताले सकारात्मक छवि निर्माण गरेको छ। आइसीयु सेवा विस्तार भएको छ। ६ शैयाको आइसीयु अहिले विस्तार भएर ४० शैयामा पुगेको छ। सिटिस्क्यान मेशिन जडान भएसँगै बिरामीले ठूलो राहत पाए, अहिले एमआरआइ सेवा सुरु भएको छ।

रात्रिकालीन स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन रात्रिकालीन उपचारमा सहजीकरण गर्ने छुट्टै कर्मचारी व्यवस्थापन गरिएको छ। रात्रिकालीन सेवालाई गुणस्तरीय र भरपर्दो बनाउन समन्वयका लागि छुट्टै अधिकृत तोकेर अस्पताल प्रशासनले अहिले भइरहेको समन्वयको अभावलाई हटाएर चुस्त बनाउन खोजेको छ।

लुम्बिनी प्रादेशिक अस्पतालको सुधार एउटा आशालाग्दो प्रयास हो। लुम्बिनी प्रदेश सरकारले प्राथमिकता दिएर अस्पतालको पूर्वाधार विकास र सेवा प्रवाह सुधार अघि बढाएको छ। संघीय शासन प्रणालीप्रति समाजमा सकारात्मक छवि निर्माण यस्तै कामले गर्ने हो। अस्पतालको नेतृत्वको इमान्दारीपूर्वक मिहिनेतले सरकारको लगानीको प्रतिफल देखिन थालेको छ।

अस्पताल १२ सय शैयामाविस्तार हुँदा यो राजधानी बाहिरको ठूलो विशेषज्ञ सेवासहितको अस्पताल बन्दैछ। अस्पतालको पूर्वाधार जति राम्रो बन्दैछ, गुणस्तरीय उपचारका लागि मानव संशाधनको प्रयोगमा अहिलेदेखि नै समन्वय आवश्यक छ। अस्पतालको सेवा थपिंदै जाँदा गुणस्तरीय सेवा प्रवाहको अपेक्षा पनि उत्तिकै हुन्छ। गुणस्तरीय सेवा प्रवाहका लागि लुम्बिनी प्रादेशिक अस्पताल अग्रणी बन्दा अरुका लागि पनि अनुकरणीय हुनेछ।

# चुनावी परिणाम र रास्वपाको भित्री विश्लेषण !



**एच.के. श्रेष्ठ**

*यसर्थ अबको रास्वपा एकमना सरकार हिजोको कांग्रेसको एकमना, माओवादीको एकमना र वामपन्थी बिचको दुई तिहाई र कांग्रेस एमाले बिचको दुई तिहाई सरकार जस्तो नहोस्। घन्टी चिन्हको जित संख्याको मात्र जित नहोस्। निरर्थक भीडको जित नहोस्। श्रीप पुराना दलहरूप्रतिको क्षणिक आक्रोशको डस्टबिन रास्वपा नबनोस्। रास्वपा पुराना दलहरूलाई एकछिनको खुचिङ मात्र नबनोस्।*

विश्वमै अविकल्पहरू मध्यको विकल्प पुष्टि हुँदै आएको निर्वाचन (फागुन २१)सम्पन्न भइसकेको छ। देशभर बजेको घन्टीले पुराना राजनीतिक दलहरुलाई शक्ति र सत्ताबाट आउट र नयाँ रास्वपालाई 'इन' गराएको छ। २०८२ भदौ २३/२४ को चमत्कारी घटना जस्तै अहिले मत परिणाम भएको छ। लगभग एकोहोरिएर अन्धधुन्द रास्वपाको घन्टीमा खनिएका मत परिणामले पुराना राजनीतिक दलका गढहरु भत्काइदिएका छन्। किल्लाहरू उखेल्दिएका छन्। लाल, बाम र कांग्रेस किल्लाहरूको निशाना नै मेटिदिएको छ। विरासतहरू संकटको हिरासत हुन पुगेका छन्। हस्तीहरू अब अस्ति (भूत)को रूपमा छन्। राजनीतिक ठेकेदारहरूको टेन्डरमा प्रतिबन्ध लागेको छ। अति भएपछि खति भएको छ। 'अति गर्नु अतिसार नगर्नु' को चोटिलो सन्देश पुराना दलहरूलाई दिलाएका छन्। मतदाताहरूले चरम बदला लिएका छन्। ती दलहरूको स्वर्गको राज्यलाई ध्वस्त पारिदिएका छन्।

**मत विश्लेषण :**

यो चुनावी मत परिणाम नचिताएको छ। मतदाताहरूले ऐतिहासिक घटना दर्ज गरे। राजनीतिक दलहरूमा अपरिवर्तनीय दलीय संविधानका कार्यकर्ताहरू बाहेक अरुको भोट परेन। यो चुनावमा आवेग, आक्रोश, रिस, घृणा, बदला र झुकाइदिने कला प्रदान देखियो। पुराना दलहरूलाई कुनैलाई न्याय गर्ने पक्षमा सोचेको देखिएन। विचार, विमर्श, छलफल र विवेक पुराना दलहरूको हकमा निषेध जस्तो देखियो। रास्वपा पार्टी प्रति चिनजान साइनो विज्ञता बिना पनि खन्याइदिए मत। रास्वपाको उम्मेदवार नै नभएको ठाउँमा पनि घन्टीमै दिए मत। रास्वपाको उम्मेदवारलाई केलाउने, गहिराइमा अध्ययन गर्ने, अनुसन्धान गर्ने र यथार्थ बुल्ने तिरै लागेनन्। उम्मेदवारको योग्यता, क्षमता, कार्यकुशलता, आदिप्रति बिना मतलब भोट हाले। बदला प्रदान देखियो। यो चुनावमा कुनै घोषणापत्रको मतलब गरेर, अध्ययन गरेर, स्वीकार, अस्वीकार र लेखाजोखा गरेर मत दिएको होइन। एकोहोरो घन्टी मात्र बजाइएको देखियो। कुनै दलका कुरा, आश्वासन, प्रतिज्ञापत्र, घोषणापत्र आदिको सुनवाइ नै गरिएन। कुनै दलका पुस्ता वा नेतृत्व परिवर्तनको मतलब नै राखेको देखिएन। उनीप्रति कुनै विश्वास नै नभएको यो चुनावी मत परिणामले पुष्टि गर्‍यो।

एकलौटी रास्वपा केन्द्रित नतीजाले पुरानो दलहरूमा बज्रपात भएको छ। नेतृत्वहरूमा प्रश्नको पहाड खडा गरिदिएको छ। नेतृत्वहरू आफूले आफैँलाई त्याग्ने बनाइदिएको छ। झन् आन्तरिक द्वन्द्वको मुस्लो सल्काइदिएको छ। एकआपसि दोषारोपण दन्काइदिएको छ। पूर्व स्थापित दलीय मूल्य, मान्यता, संस्कार, सभ्यता आदिलाई चकनाचुर गरिदियो। कुनै बाद, दर्शन, विचारधारा आदिप्रति ठूलै अवज्ञा देखियो। यो चुनावले पुराना दलले उठाएका जातीय, क्षेत्रीय, लिङ्गीय, भाषीय, दलित, मुस्लिम, आदिवासी जनजाति, मधेस इत्यादि सुत्रिय मान्यताहरु समेतलाई लत्याएको देखियो। मार्क्स, लेनिन, माओवादहरू, विचारधाराहरू, प्रजातान्त्रिक धारा, समाजवाद, बहुदलीय जनवाद आदि केही मान्यता र सम्झना समेत राखेको देखिएन। तसर्थ रास्वपालाई चेतन/अचेतन ढङ्गले जबरजस्ती मन पराइएको अवस्था हो।

घन्टीमा अत्याधिक परेको मतले जनताले राजनीति गरेका होइनन्। घन्टीमा अत्यधिक मत परेको भन्दैमा पुराना दलहरूमा राम्रा पक्ष, राम्रा मान्छे, क्षमतावान र राम्रा नियतका कोही छैनन् भन्ने होइन। यसरी हेर्दा यो चुनाव परिणाम सबै सुझबुझ, विचार, विवेक, परिपक्क ज्ञान, ध्यान पूर्वकको नतिजा भन्न मिल्दैन। भाग्यलेसाथ दियो भन्दैमा कर्म सफल भएको ठान्न मिल्दैन। यो त बल्ल कर्मको परीक्षण मात्र हो। यो एक ढङ्गले दक्षिणपन्थीको दिशामा लागेको छ। ? रास्वपा छनौट के राजनीतिक छनौट हो ? के यो बाहिर भनिए जस्तै सुजबुजकै मत र छनौट हो ? के साँच्चै रास्वपाले जितेकै हो ? रास्वपा पार्टीलाई अत्यधिक मत विभिन्न कारणले परेको मात्र हो। रास्वपाको जित र हारको कसी त बाँकी नै छ। रास्वपा पार्टी परिपक्कता प्रमाणित हुनु पर्ने छ। यो पार्टी बन्न धेरै चुनौतीहरु र सर्तहरु पूरा गर्न बाँकी नै छ।

**पार्टी बन्ने सर्तको प्रश्न :**

रास्वपा, घन्टी र बालेन-रवि त्यो पार्टीको पर्यायवाची जस्तो बनेको देखिन्छ। हावामा कुदिरहेको विश्व समाजको प्रभाव र प्रकृति नेपाली समाजमा पनि छ। पार्टी मान्छेको थुप्रोले बन्ने होइन। अल्गोरिदमको प्रभावले र डिजिटल माध्यमले बन्ने होइन। पार्टी फेसबुक र युट्युबको भिडियो, फोटो र फेक सामग्रीमा निकै ठूलो संख्याको लाइक, कमेन्ट र भ्युजले बन्ने होइन। जति धेरै यो शैलीले पार्टीको नाममा पार्टी बन्छ। उति धेरै खोक्रो भयो भनेर बुझे हुन्छ। यद्यपि मान्छेको भीडभाड हुनसक्छ।

पार्टी वा राजनीतिक दल त सिद्धान्तले बन्छ। दर्शन र विचारको कडीले बन्छ। बौद्धिक, वैचारिकको कार्यनीति तथा रणनीतिले बन्छ। सही, परिपक्क विवेकका र क्रिटिकल ढंगले अध्ययन, अनुसन्धान, विश्लेषण र संश्लेषण गर्ने नेताहरुले वा नेतृत्वले बन्छ। पार्टी त्यही तहका कार्यकर्ताले बन्छ पार्टी। पार्टी बन्नलाई निकै ठूलो त्याग, तपस्या, लगानी र कठिन संघर्ष, खटाई र सिद्धान्त र दर्शनप्रतिको निरन्तर लक्ष्य चाहिन्छ। रास्वपा नामको पार्टीमा यो सर्तहरु पूरा गर्नु जरुरी छ। जनता, भूगोल, बस्ती, क्षेत्र, लिङ्ग, भाषा, समुदाय, संस्कृति, हावापानी, रहनसहन आदिसँग कहिल्यै कुनै अन्तरक्रिया नभएको मान्छेको सतही थुप्रोले पार्टी बन्दैन। ती पक्षहरूसँग परिचित नभएको, अनुभवले नखारिएको, सम्पर्क नभएको, देखाभेट नभएको संगठनले पार्टी बनिसकेको हुँदैन। यो कुनै अज्ञान ढंगले जम्मा भएको केही उद्देश्य प्राप्तको मनोविज्ञान बोकेको एउटा संगठन हुन सक्छ। अन्य पार्टीहरुका कमजोरीले, असन्तुष्टीले र विभिन्न कारणले अहिले ठूलै जमात यसमा देखिएको हुनु सधैँको नहुन सक्छ।

राजनीतिक समालोचकहरुका अनुसार कुनै मूल्य मान्यता, नीति र दर्शनहरुको साझा सेटमा एकताबद्ध सदस्यहरु पार्टी निर्माणको सर्त हो। यो मान्यता नबोकेको रास्वपा केवल चुनावी संगठन भन्न मिल्दछ। एक पटक नयाँलाई हेरम, यो पटक पुरानो छोडम भनेको भरमा थुप्रिएका मान्छेका थुप्रो संख्याको बहुमत मात्र हो, समाधान नै हो भन्न सकिंदैन। देशको माटो, गाउँबस्ती वा भूगोलमा गएर समर्थक, शुभचिन्तक, कार्यकर्ता, नेता बनाउनको लागि खासै प्रक्रिया नै नचालेको दुःखै नगरेको, राजनीतिक अभ्यास नै नगरेको नामको पार्टीमा प्रश्न छ। प्राकृतिक प्रक्रियाबाट भएको जन्म र अप्राकृतिक वा आधुनिक मेसिनरी प्रक्रियाबाट र वा बतासे जन्म आकाश जमिन फरक हुन्छ। प्राकृतिक जन्ममा वंशाणु गुण हुन्छ। परम्पराको सुगन्ध हुन्छ। संस्कार हुन्छ। व्यवहार हुन्छ। धर्म, अनुशासन र सहिष्णुता हुन्छ। भावना, प्रेम, सम्मान हुन्छ। तर अप्राकृतिक जन्ममा केही मिल्दैन। यो क्षणिक आवेग, आक्रोश, बदलाभाव, आत्म भ्रम र अधैर्यता मात्र हुनसक्छ। रास्वपामा यही देख्छौं। कुनै आधारभूत राजनीतिक दुःख, अभ्यास, त्याग, प्रक्रिया र जनतासँगको लामो क्रियाकलापबिना स्नीप डिजिटल, मिडिया, एप्स र अल्गोरिदमको भरमा सुखै सुखको प्रक्रियाले मान्छेको थुप्रो लागेको छ। दुःखले आर्जेको धेरै टिक्छ। विवेक, बुद्धि, कठिन लगानी दीर्घकालीन हुन्छ। तर सजिलो र हावाको भरमा देखा परेको केही पनि टिक्दैन।

**मनोवैज्ञानिक प्रश्नः**

सिग्मण्ड फ्राइडको मनोविश्लेषणात्मक थेअउरी अनुसार यो अचेतन र अर्धचेतन तहको थुप्रो र भीड हो। चेतन तहको अभाव देखिन्छ। कुनै ठोस आधारको किटानी निर्णयभन्दा पनि हचुवा अनुमान र अनुसारको भरमा देश, विदेशबाट समर्थन वर्षेको देखिन्छ। राजनीतिकभन्दा गैर राजनीतिकहरूको संगठन र एकता छ, यसमा।

पार्टी सदस्य नै नभएकाहरुको पार्टी बनिरहेको छ, रास्वपा। पत्रकारिता गरेको, फिल्म खेलेको, प्राविधिकको रूपमा पेशा गरेको, कलाकार भएको, वैदेशिक रोजगारी गरेको, सामाजिक कारबाही भोगेका, अन्य दलहरुबाट कारबाही भएका, विभिन्न अवसरका अवसरवादीहरु आदिआदिले पार्टीको रूपमा रास्वपा संगठित र सञ्चालित छ। राष्ट्रिय राजनीतिक नेता र नेतृत्वमा खारिएको नेतृत्वको अभाव छ। हुन त पुराना भनिएका पार्टीहरूले पनि विचार सिद्धान्तबाट पलायन भएर पार्टी र पोलिटिक्स दुवै नभएको अवस्था हो।

मनोवैज्ञानिक पक्षमा रास्वपाले यो प्रवृत्तिको मतलाई चित्त बुझाउन सक्नुपर्दछ। खास फ्राइडियन मनोविश्लेषण अनुसार अचेतन र अर्धचेतन तहले आवेग, आक्रोस र उत्तेजना बढी ग्रहण गर्दछ। छिटो नतिजा खोज्छ। तुरुन्तै माग पूराको चाहना राख्छ। विवेक कमजोर हुन्छ। अमेरिकन मनोविश्लेषक विलियम जेम्सको स्ट्रीम अफ कन्स्सस्नेस (चेतनाको प्रवाह) मनन्डले आधुनिक समाज ग्रसित छ। रास्वपाप्रतिको अत्याधिक मत यसैको परिणाम पनि हो। यो विशेषतामा बहुविकल्प, बहुस्रोत र बहुविचार र सोंचको भिडभाड मान्छेको दिमागलाई हुँइक्याइरहेको हुन्छ। अन्तरिम मनोवादले दिमागलाई आराम दिँदैन र अस्थिरतातिर लखेट्िन खोज्दछ। जसले तुरुन्तै नतिजाकै माग गर्दछ। तुरुन्तै विकल्प खोज्दछ। यो विशेषता र चरित्रको किचघान जमातले आँखा चिम्लेर सबै भरोसा रास्वपालाई सुम्पेको छ। तसर्थ यो जमात थेगिराख्न कठिन छ। त्यो विशेषतालाई सम्बोधन ढिलाइ गरे वा पूरा गर्न नसके आफैँलाई घातक र प्रत्युपादक निश्चित हुन्छ। भौतिक द्वन्द्वभन्दा आत्मगत, मानसिक र मनोवैज्ञानिक द्वन्द्व झन जटिल र खतरनाक हुनसक्छ।

**गुदी कुरा र सावधानी !**

एउटा सामाजिक धारणात्मक मान्यता छ कि कुनै पनि व्यक्ति ह्वात्तै धनी भएको शुभ संकेत होइन। कोही ह्वात्तै उदाएको शुभ संकेत होइन। राष्ट्रिय स्वतन्त्र पार्टी प्रतिको आश्चर्यचकित 'मत-विजय' त्यस्तो नहोस् ! अहिले भन्न के मात्र सकिन्छ भने पुराना राजनीतिक दलहरूप्रति मतदान कर्ताहरूले आक्रोश घोप्टाएका हुन्। रिसिइबी साधेका हुन्। अत्याचारको बदला लिएका हुन्। सखाप पारेर पुराना दलहरूलाई हराएका हुन्। घण्टीलाई जिताएका कुरा दोस्रो हो। रास्वपाको चुनाव चिन्ह घन्टीमा अत्याधिक मत परेको हो। रास्वपा पार्टीलाई सबै मतदाताले चिनेकै छैनन्। रास्वपाको जित अहिले होइन, सरकार र सत्ताको यात्रापश्चात् थाहा हुनेछ। जब यो सत्तामा जान्छ, सरकार बनाउँछ। काम गर्न शुरु गर्छ। अनि थाहा लाग्छ जित र हार। देशलाई सही ढंगले हाँकेमा हुनेछ। मुलुकलाई काँचुली फेरेमा हुनेछ। जनताको दैनिक र उपभोग्य वस्तुहरूको सर्वसुलभ र सहज डेलिभरी दिएमा हुनेछ। सुशासनसहितको राजकाज सञ्चालनमा हुनेछ। नेपाली जनताको चाहानाअनुसार कुशल ढंगले सफल भयो भने बल्ल हुन्छ, यो दलको जित। यसर्थ अबको रास्वपा एकमना सरकार हिजोको कांग्रेसको एकमना, माओवादीको एकमना र वामपन्थीबिचको दुई तिहाई र कांग्रेस एमालेबिचको दुई तिहाई सरकार जस्तो नहोस्। घन्टी चिन्हको जित संख्याको मात्र जित नहोस्। निरर्थक भीडको जित नहोस्। श्रीप पुराना दलहरूप्रतिको क्षणिक आक्रोशको डस्टबिन रास्वपा नबनोस्। रास्वपा पुराना दलहरूलाई एकछिनको खुचिङ मात्र नबनोस्। यो चुनाव झन थपिने द्वन्द्व र समस्याको नयाँ अनुमोदन नहोस्। यो चुनाव पनि भ्रष्टाचारको गेट पास मात्र नहोस्। लोकतन्त्र केवल एलिट (उच्च विशिष्ट ,कुलिन वर्ग)को प्रतिस्पर्धात्मक सङ्घर्ष मात्रै नहोस् !

यो देशमा यसअघि पनि नजितेको पार्टी कुन छ त ? सबैले जितेकै हुन्। तसर्थ रास्वपा पनि अहिले जित्ने ठूलो कुरा होइन। टिक्ने ठूलो र महत्वपूर्ण कुरा हो। भोटको ठूलो थुप्रो बनाउनु महत्वपूर्ण कुरा होइन। त्यो कति टिक्छ , कति सफल हुन्छ र कति सार्थक र अस्तित्वमा रहिरहन्छ भन्ने प्रश्न महत्वपूर्ण हो। यसमा पार्टीको स्वरुपदेखि अन्य कमजोरीहरु र अभावहरु अवश्य छन्। तथापि सरकारमा परीक्षण हुँदैछ।

# मुख स्वास्थ्य : बालकदेखि वृद्धवृद्धासम्मलाई आवश्यक

**डा. महेश खतिवडा**

नेपालमा मुखको क्यान्सर ५० वर्षमाथिका पुरुषमा बढी देखिन्छ र धुम्रपान मुख्य कारण हो भने नयाँ बिरामी ३५.७१ प्रतिशतले वृद्धि भएको छ।

'आजकलको व्यस्त जीवनशैलीमा हामी सबैले आफ्नो मुखलाई स्वस्थ राख्न सकिरहेका हुँदैनौ, जसको प्रत्यक्ष असर हाम्रो सम्पूर्ण शारीरिक स्वास्थ्यमा पर्न आउँछ। त्यसकारण स्वस्थ मुख नै स्वस्थ जीवन हो।' विश्व मौखिक स्वास्थ्य दिवस २०२६ को नारा 'अ ह्याप्पी माउथ इज अ ह्याप्पी लाइभ' हो।

आफ्नो बिग्रिएको दाँतले गर्दा मानिसहरूको भीडमा गएर बोल्न, हाँस्न डराउँछ, हिचकिचाउँछ। यसले गर्दा उसको मानसिक स्वास्थ्यमा समेत असर गरेको हुन्छ। अर्कोतिर हिनताबोध र आफैँले आफूलाई कमजोर ठानिरहेको हुन्छ।

मुख स्वस्थ नराख्दा आइपर्ने समस्याहरू पनि थुप्रै छन्। हिजोआज साना बालबालिकादेखि बुढाबुढीसम्मको दाँतमा विभिन्न खालका समस्याहरू देखिन्छन्। दाँतसम्बन्धी समस्या र दुखाइले गर्दा मानिसको खानपान र सुताइको शैलीमा समेत असर गरी सम्पूर्ण शारीरिक स्वास्थ्यमा समेत नकरात्मक असर पर्दछ। आज करिब ३.७ अरब मानिसहरू विश्वव्यापी रूपमा कुनै न कुनै प्रकारको मौखिक रोगबाट ग्रसित रहेको पाइएको छ।

हिजोआज अधिकांशका घरमा दाँत तथा मुखसम्बन्धी समस्या भएका व्यक्तिहरू भेटिन्छन्। किन हामीले यस्ता समस्या निरन्तर झेलिरहेका छौं भन्ने बारेमा विमर्श हुन जरुरी छ।

स्वास्थ्य क्षेत्रमा गरिएका नयाँ-नयाँ अनुसन्धानबाट मौखिम स्वास्थ्यको असरले आजको विश्वव्यापि रुपमा रहेको सुगर, प्रेसर, मानसिक रोग जस्ता जटिल समस्यामा प्रत्यक्ष सम्पर्क रहेको पाइएको छ। सानो-सानो समस्या र सामान्यता हेलचक्राई र लापरबाहीले दाँत तथा मुखसम्बन्धी समस्याहरु



निम्तिने गरेका दृष्टान्तहरु पाइन्छ।

विद्यालय तथा समुदायस्तरमा मुख स्वास्थ्यबारे सचेतना फैलाउने अभियानहरू चलाउनुपर्छ। मुखजन्य समस्या खासै केही हैन भन्ने आम प्रवृति र धारणामा परिवर्तन हुन जरुरी छ।

ओरल हेल्थ डे का अवसरमा विश्व डेण्टल फेडेरेशन तथा तत् सम्बन्धी निकाय र विभिन्न संघसंस्थाहरूले मौखिक स्वास्थ्य र यसको प्रत्यक्ष असर, सम्पूर्ण शारीरिक स्वास्थ्य, पोषणलाई समर्थन र मानसिक स्वास्थ्यमा पार्ने प्रभाव जस्ता विषयलाई प्राथमिकतामा राखेर कार्यक्रमहरू गरिरहेका छन्। यसलाई समुदायस्तरमा लैजाने पहल जारी छ।

मार्च २० लाई विश्व मुख स्वास्थ्य दिवसको रूपमा मनाइरहँदा विश्वव्यापी रुपमा जुन-जुन देश यस संस्थासँग आवद्ध छन् उनीहरूले आफ्ना-आफ्ना देशमा विविध कार्यक्रम गरी मनाउने गर्छन्। नेपालको सन्दर्भमा पनि नेपाल डेण्टल एशोसिएसनले देशव्यापी रूपमा निःशुल्क दन्त शिविरको आयोजनादेखि लिएर प्रचारप्रसार र दन्तरोगको निराकरणमा ठूलो भूमिका खेलेको छ। चितवन मेडिकल कलेजले मार्च महिनाभर नै निःशुल्क डेन्टल ओपीडी सेवादेखि लिएर विविध र्‍यालीको आयोजना गरी सचेतना फैलाउने गरेको छ। रङ्गौली र प्लेकार्डको प्रदर्शन साथै अस्पतालमा विविध कार्यक्रमहरू जस्तैः वादविवाद, भिडियो प्रतियोगिता आयोजना गरिएको छ।

खराब मौखिक स्वास्थ्यले गिजा तथा दाँतको समस्या मात्र नभई हाम्रा शरीरका मुख्य प्रणालीहरू जस्तैः रक्तसञ्चार प्रणाली, स्वासप्रश्वास प्रणाली, पाचन प्रणाली, स्नायु प्रणालीमा समेत प्रभाव पार्दछ।

एउटा अध्ययनमा के देखिएको छ भने, नेपालमा मुखको क्यान्सर एक प्रमुख जनस्वास्थ्य समस्याको रुपमा रहेको छ। शरीरका अंगहरूमा लाग्ने क्यान्सर मध्ये मुखको क्यान्सर पनि प्रमुख रुपमा पर्दछ। मुख्यतया ५० वर्षभन्दा माथिका पुरुषहरूमा धेरै असर पाइएको छ। धुम्रपान र सुर्तीजन्य पदार्थको अत्यधिक सेवन यसको मुख्य कारण मान्न सकिन्छ।

२०१८-२०१९ को बीमा गरिएको अध्ययनमा करिब ३५.७१ प्रतिशत नयाँ मुखको क्यान्सरका बिरामीहरू थपिएको पाइएको छ। जुन दिन प्रतिदिन थपिदै जाने क्रममा छ। जसमा पुरुषहरूको अनुपात करिब ६६.७ प्रतिशतदेखि ७४.५ प्रतिशतको बिचमा पाइएको छ। क्यान्सरको कारणले एकातिर शारीरिक रुपमा पार्ने असर त छँदैछ, अर्कोतिर मानसिक र पारिवारिक असर पनि उत्तिकै हुने गर्दछ। मौखिक स्वास्थ्यको लागि खाना खाइसकेपछि दिनको २ पटक नियमति ब्रस गर्ने, बढी गुलियो खाने कुराहरु कम गर्ने र खाइसकेपछि मुख कुल्ला गर्ने, स्वस्थ सन्तुलित भोजन सेवन गर्ने, नियमित रुपमा हरेक ६/६ महिनामा दन्त चिकित्सकसँग परामर्श लिने गर्नु आवश्यक छ।

धुम्रपान, सुर्तीजन्य पदार्थ र मध्यपानको सेवन नगर्ने र आफ्ना बालबालिकालाई पनि मुख स्वस्थ राख्न प्रेरित गर्नुपर्दछ। यस्ता बानी र क्रियाकलापहरूले मुख तथा दाँतसम्बन्धी रोगको समयमा नै पहिचान, उपचार हुन सक्छ।

*(डा. खतिवडा चितवन मेडिकल कलेजमा कार्यरत छन्।)*

# दोब्बर गतिमा हिउँ गुमाउँदै हिमनदी



काठमाडौँ । जलवायु परिवर्तनले बढ्दो विश्वव्यापी तापक्रमका कारण हिन्दुकुश हिमालय (एचकेएच) क्षेत्रका हिमनदीहरू तीव्र गतिमा पग्लिरहेका छन् । पछिल्लो अध्ययनले यस क्षेत्रमा सन् २००० यता हिउँ पग्लने दर दोब्बर भएको देखाएको छ ।

अन्तरराष्ट्रिय एकीकृत पर्वत विकास केन्द्र (इसिमोड)ले गरेको पछिल्लो अध्ययन प्रतिवेदनअनुसार सन् १९७५ यता हिमनदीको मोटाइ २७ मिटरसम्म घटेको छ । यसले 'एसियाका वाटर टावर' (पानीका स्रोत) बाट बग्ने पानीमा निर्भर तल्लो तटीय क्षेत्रका झन्डै दुई अर्ब मानिसका लागि खतराको सङ्केत देखाएको छ ।

प्रतिवेदनहरूले यस क्षेत्रमा भइरहेको हिमनदी परिवर्तनको हालसम्मकै सबैभन्दा विस्तृत प्रमाण प्रस्तुत गरेका छन् । 'सन् १९९० देखि २०२० सम्म हिन्दुकुश हिमालय क्षेत्रका हिमनदीको परिवर्तनशील गतिशीलता' र 'हिन्दुकुश हिमालय (एचकेएच) हिमनदी परिदृश्य २०२६ : हिमाली हिमनदी अनुगमनको ५० वर्षका अन्तर्दृष्टि' नामक उक्त प्रतिवेदनहरू इसिमोडले विश्व हिमनदी दिवसको अवसरमा शनिबार सार्वजनिक गरेको हो ।

हिन्दुकुश हिमालयमा ध्रुवीय क्षेत्र बाहिर सबैभन्दा बढी हिउँ रहेको छ, जहाँ ६३ हजार ७०० भन्दा बढी हिमनदीहरूले करिब ५५ हजार ७८२ वर्ग किलोमिटर क्षेत्र ओगटेका छन् । यी हिमनदीहरू एसियाका कम्तीमा १० प्रमुख नदी प्रणालीका स्रोत हुन्, जसले अर्बौं मानिसको खाद्य, पानी, ऊर्जा र जीविकोपार्जनको सुरक्षामा सहयोग पुऱ्याउँछन् ।

समुद्री सतहबाट चार हजार ५०० देखि छ हजार मिटर उचाइमा रहेका करिब ७८ प्रतिशत हिमनदी क्षेत्रहरू 'उचाइमा आधारित बढ्दो तापक्रमको उच्च जोखिम'मा रहेका प्रतिवेदनमा उल्लेख छ ।

"यो कुनै टाढाको समस्या होइन, यो त हरेक गर्मी र मनसुनमा नयाँ विपद्का रूपमा प्रकट भइरहेको वास्तविक सङ्कट हो । यस शताब्दीमा हिउँ पग्लिने दर दोब्बर हुनुले हामी सबैलाई स्तब्ध बनाउँदै कार्यका लागि प्रेरित गर्नुपर्छ,' "इसिमोडका महानिर्देशक पेमा ग्याम्त्सोले भने-"हिन्दुकुश हिमालय अहिले एउटा दोबाटोमा छ । पानीको अनिश्चिततादेखि विनाशकारी बाढीसम्मका तीव्र रूपमा बढ्दो प्रभावहरूले हामी हिउँमण्डलका लागि निर्णायक दशकमा छौँ भन्ने स्पष्ट पारेको छ । हामीले अहिले नै अनुगमन बढाउन र अनुकूलनमा लगानी गर्नुपर्छ । यी 'ब्लाइन्ड स्पट' (जानकारीविहीन क्षेत्र)बाट सुरु हुने अनपेक्षित घटना रहेनन्, यो हाम्रो नयाँ यथार्थ हो ।"

**हिमनदीको १२ प्रतिशत क्षेत्रफल ह्रास**

विस्तृत विश्लेषणले सन् १९९० र २०२० को बीचमा हिन्दुकुश हिमालयका हिमनदीले आफ्नो कूल क्षेत्रफलको करिब १२ प्रतिशत र अनुमानित हिउँ भण्डारको नौ प्रतिशत हिस्सा गुमाएको देखाएको छ । इसिमोडका रिमोट सेन्सिङ विश्लेषक तथा हिमनदी गतिशीलता प्रतिवेदनका मुख्य लेखक सुदनविकास महर्जनका अनुसार सबैभन्दा तत्कालको खतरा यस क्षेत्रका साना हिमनदीहरूबाट छ ।

"सन् १९९० र २०२० को बीचमा हिमनदीले कूल क्षेत्रफलको करिब १२ प्रतिशत हिस्सा गुमाए तापनि यो क्षति शून्य दशमलव पाँच वर्ग किलोमिटरभन्दा साना हिमनदीहरूमा सबैभन्दा तीव्र छ,' विश्लेषकमहर्जनलेभने-"यसलेउच्चहिमाली समुदायका लागि स्थानीयस्तरमा पानीको अभावको तत्काल जोखिम निम्त्याउँछ र हिमताल विष्फोटजस्ता खतरालाई तीब्र बनाउँछ । यस क्षेत्रका तीन-चौथाइ हिमनदी यही जोखिमपूर्ण आकारमा रहेकाले खतरा झन बढी छ ।"

एचकेएच हिमनदी परिदृश्य प्रतिवेदनले ३८ वटा अनुगमन गरिएका हिमनदीहरूको तथ्याङ्कलाई सङ्कलन गरेको छ । जसले सन् २००० पछि हिउँको व्यापक ह्रास भएको देखाएको छ ।

यसले हिमाली हिउँमण्डलका केही भागहरू अपरिवर्तनीय विनाशतर्फको 'टिपिङ पोइन्ट' (निर्णायक मोड) नजिक पुगेको सङ्केत गर्छ । यद्यपि प्रतिवेदनले तथ्याङ्कमा रहेको एउटा ठूलो खाडललाई औँल्याएको छ । ती ३८ मध्ये केवल सात वटाले मात्र विश्व हिमनदी अनुगमन सेवा (डब्लुजिएमएस)को विश्वव्यापी बेन्चमार्क मापदण्ड पूरा गरेका छन् । काराकोरम, सिक्किम, जान्स्कर र भुटानजस्ता प्रमुख हिमनदी क्षेत्रहरू अझै पनि अनुगमनको दायराभन्दा बाहिर छन् ।

"हामी एक अधुरो नक्साको सहयोगमा तीव्र रूपमा परिवर्तन भइरहेको भविष्यतर्फ अघि बढ्न खोज्दैछौँ,' इसिमोडका हिउँमण्डल विशेषज्ञ तथा प्रतिवेदनका लेखकमध्येका एक मोहम्मद फारुक आजमले भने-"हिमालयको ठूलो हिस्सा अझै पनि अनुगमनको पहुँच बाहिर छ । अनुगमन संयन्त्र विस्तार र पद्धतिमा एकरूपता नल्याई जलप्रवाह र हिउँमण्डलमा आएको तीव्र परिवर्तन पत्ता लगाउन कठिन हुन्छ । नेपालका 'मेरा' र 'रिखा साम्बा' तथा भारतको छोटा सिग्रीजस्ता प्रतिनिधिमूलक हिमनदीको निरन्तर अनुगमन महत्त्वपूर्ण छ, तिनीहरू सम्पूर्ण पर्वतीय प्रणालीका लागि हाम्रा 'प्रारम्भिक चेतावनी' सूचक हुन् ।"

**सबैभन्दा ठूलो क्षति सिन्धु, गंगा र ब्रह्मपुत्र बेसिनमा**

प्रतिवेदनले हिमनदीको क्षति भौगोलिक रूपमा फरक फरक रहेको देखाएको छ । पूर्वी 'हेङ्दुआन शान' पर्वतमालामा सबैभन्दा उच्च प्रतिशत ह्रास देखिएको छ, जहाँ केही क्षेत्रले केवल तीन दशकमा ३३ प्रतिशतसम्म हिमनदी क्षेत्र गुमाएका छन् । तर सबैभन्दा ठूलो क्षति सिन्धु, गङ्गा र ब्रह्मपुत्र बेसिनहरूमा केन्द्रित छ, जहाँ यस क्षेत्रका ७४ प्रतिशतभन्दा बढी हिमनदी अवस्थित छन् ।

दश वर्ग किलोमिटरभन्दा ठूला हिमनदीले यस क्षेत्रको प्राकृतिक जल भण्डारको करिब ४० प्रतिशत हिस्सा ओगटेका छन् । पच्चिस ठूला हिमनदीमध्ये १८ वटा रहेको काराकोरम पर्वतशृंखला दीर्घकालीन जल, खाद्य र विपद् जोखिमका हिसाबले उच्च जोखिममा छ, जसको प्रभाव समग्र क्षेत्रमा पर्नेछ ।

सन् २०२५ लाई 'हिमनदी संरक्षणको अन्तरराष्ट्रिय वर्ष' र सन् २०२५-२०३४ लाई 'हिउँमण्डल विज्ञानका लागि कार्य दशक' घोषणा गरिएको सन्दर्भमा, यी निष्कर्षहरूले कार्यको तत्काल आवश्यकतालाई गम्भीर रूपमा स्मरण गराएका छन् ।

प्रतिवेदनका लेखकहरूले हिमनदी अनुगमनको दायरा बढाउन, पद्धतिहरूको सुदृढीकरण गर्न र द्रुत रूपमा परिवर्तन भइरहेको हिउँमण्डलको प्रभाव न्यूनीकरणका लागि जलवायु-उत्थानशील अनुकूलन योजनामा ठूलो लगानी गर्न आह्वान गरेका छन् ।

हिन्दुकुश हिमालय (एचकेएच) क्षेत्र एसियाभरि तीन हजार ५०० किलोमिटरमा फैलिएको छ । जसले अफगानिस्तान, बङ्गलादेश, भुटान, चीन, भारत, म्यानमार, नेपाल र पाकिस्तानलाई समेट्छ । उच्च हिमाली शृंखला, मध्यपहाडी क्षेत्र र समथर भूभाग समेटिएको यो क्षेत्र झण्डै दुई अर्ब मानिसहरूको खाद्य, जल र ऊर्जा सुरक्षाका लागि महत्वपूर्ण छ । यो अनगिन्ती अतुलनीय प्रजातिहरूको बासस्थान पनि हो । यो क्षेत्र अत्यन्तै संवेदनशील छ । जलवायु परिवर्तन, प्रदूषण, र जैविक विविधताको विनाशजस्ता 'त्रिपक्षीय ग्रह सङ्कट'को प्रभावबाट उच्च जोखिममा छ ।

# रामपुर कपुरकोट गौरवको सडक खण्ड स्तरोन्नतिको काम सुरु

कृष्ण पोखरेल
पाल्पा

लुम्बिनी प्रदेश सरकारको गौरवको सडक, प्रदेशको पहाडी जिल्ला जोड्ने सडक रामपुर कपुरकोटअन्तर्गत पाल्पाको हार्थोक - बतासे खण्डमा सडक स्तरोन्नतिको काम सुरु भएको छ । प्रदेशकै गौरवको सडकअन्तरगत पाल्पाको हार्थोक - छहरा क्षेत्रमा लामो समयदेखि स्तरउन्नति नहुँदा, धुलो र हिलोको समस्याले हैरान परेका स्थानीय बासिन्दाहरुमा काम सुरु भएपछि सहज यातायातको आशा पलाएको छ ।



चौतर्फी दबाब थेग्न नसकेपछि लुम्बिनी प्रदेश सरकारले ५ किलोमिटर सडक स्तरउन्नति गर्न बजेट विनियोजन गरी काम सुरु गरेको छ । काम सुरु भएको ३ महिनाको अवधिमा राम्रो काम भएपछि स्थानीयवासीमा सडक चाडो स्तरउन्नति हुनेमा आशा जागेको छ । लामो समयको पर्खाइपछि आएको बजेटलाई कार्य प्रगतीमा रुपान्तरण गर्न स्थानीयवासीहरु सक्रिय भएर लागेका छन् । सडक निर्माणको क्रममा आइपरेका समस्याहरु समेत स्थानीयस्तरबाटै समाधानले काममा सहयोग भएको छ । सडक स्तरउन्नतिको काम गर्दा स्थानीयवासी, पालिकाका जनप्रतिनिधिहरु समन्वय सहकार्य गरेर, काम भइरहेको रिब्दीकोट गाउँपालिका अध्यक्ष नारायणबहादुर कार्कीले बताए ।

हार्थोक- बतासे - छहरा खण्डमा अहिले सडक चौडा गर्ने, ठाउँ-ठाउँमा रिटेनिङ पर्खाल लगाउने र जग निर्माण गर्ने, बाटोको लेवर मिलाउने र नाली निर्माणको कामहरु भइरहेका छन् । सडकको मापदण्डमा पर्ने दायाँ-बायाँमा रहेको घर टहरा हटाएपछि कामले अझै गती लिने छ । सडक निर्माणको क्रममा आएका समस्याहरुलाई आपसी छलफल समन्वय र सहकार्यबाट समाधान गर्दै निधारित मितिमै काम सक्ने गरी कार्यालय लागिपरेको लुम्बिनी प्रदेश सडक यातायात पूर्वाधार निर्देशनालय बुटवलका वरिष्ट इन्जिनिय सूचना अधिकारी अरुण गुप्ताले बताए ।

हार्थोक -बतासे खण्डको सडक स्तरउन्नतिको लागि यातायात पूर्वाधार निर्देशनालय बुटवलले २०८४ असोज २६ भित्र सम्पन्न गर्ने गरी निर्माण व्यवसायीसँग सम्झौता गरेको छ । सडक स्तरोन्नतिका लागि १६ करोड ३१ लाख १( हजार रुपैयाँमा एमएस राजेश्वरी-रमानिया-आर एण्ड आर जेभीले काम गर्दै आएको छ । सडकमा गर्ने सबै काम द्रुत गतीमा भएका छन् । निर्माण कार्य सम्पन्न गर्ने मितिभन्दा ६ महिनाअघि नै काम सक्ने लक्ष्यका साथ सडक निर्माणको काम भइरहेको निर्माण कम्पनीका साइज इञ्चार्ज अरुण ज्ञवालीले बताए ।

लुम्बिनी प्रदेश सरकारले २०७४ सालमै कर्णाली प्रदेशको सिमानादेखि गण्डकी प्रदेशको सिमाना जोड्ने गरी पाल्पाको रामपुरदेखि सल्यानको कपुरकोटसम्मको ३१० किलोमिटर दुरी निर्धारण गरी, प्रदेशको गौरवको आयोजना घोषणा थियो । गौरवको सडक आयोजना घोषणा गरे पनि प्रदेशमा स्थिर सरकार नहुदा गौरवको आयोजना रामपुर कपुरकोट सडकअन्तरगत पाल्पाको हार्थोक -छहरा खण्डमा ८ वर्ष हुँदासम्म कुनै बजेट परेको थिएन । चालु आर्थिक वर्षमा बजेट विनियोजन भइ सुरु भएको सडक स्तरउन्नतिलाई प्रभावकारी बनाउन प्रदेश सरकार, यातायात पूर्वाधार निर्देशनालय, जनप्रतिनिधि निर्माण व्यवसायी र स्थानीयबिच समन्वय सहकार्यबाट काम भइरहेको छ । यो सडक पश्चिम पाल्पाको लाइफ लाइन भएकोले सडक निर्माण कार्य पूरा भएपछि जनजीवनमा परिवर्तनहरु देखिने लुम्बिनी प्रदेशका सभामुख तुलाराम घर्ती मगरले बताए ।

पश्चिम पाल्पाको जनजीवनसँग प्रत्यक्ष जोडिएको यो सडक खण्डमा स्तरोन्नतिको काम सुरु भएसँगै स्थानीयमा उत्साह देखिएको छ । विगतमा वर्षायाममा हिलो र हिउँदमा धुलोका कारण यात्रा अत्यन्त कष्टकर बन्दै आएकोमा सडक स्तरउन्नतिको काम अघि बढेपछि स्थानीयवासीहरु सहज, सुरक्षित र दिगो यातायातको अपेक्षा छिट्टै पूरा हुने आशा गरेका छन् । रामपुर कपुरकोट सडकअन्तरगत पाल्पाको हुमिनदेखि ताहुँसम्म ५ किलोमिटर र हार्थोक कुसुमखोला खण्डको ५ किलोमिटर क्षेत्रमा काम भइरहेको हो ।

# वन डढेलो न्यूनीकरण तथा जनचेतना अभिवृद्धि सप्ताह सम्पन्न




देवदह । देवदहमा वन डढेलो न्यूनीकरण तथा जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले आयोजित वन डढेलो सप्ताह-२०८२ सम्पन्न भएको छ ।

वन डढेलो रोकथाम, हाम्रो अभियान भन्ने नारासहित डिभिजन वन कार्यालय रुपन्देहीको सहयोग र गाउँ वन समन्वय सञ्जाल देवदह, रुपन्देहीको आयोजनामा चैत्र १ देखि सुरु भएको वन डढ्लो सचेतना अभियान सातौ दिन बुद्ध सामुदायिक वनमा कार्यक्रम गरी सम्पन्न गरिएको हो ।

सञ्जालका अध्यक्ष खेमनारायण अधिकारीको अध्यक्षता तथा डिभिजन वन कार्यालय रूपन्देहीका वरिष्ठ वन अधिकृत उमेश शाहको प्रमुख आतिथ्यतामा उक्त कार्यक्रम सम्पन्न भएको हो । सो अवसरमा बोल्दै साहले डढेलो लगाउनु अपराध भएको भन्दै अपराध गर्नेलाई लुकाउन नहुनेमा जोड दिए ।

अधिकृत शाहले बन डढेलो न्यूनीकरणको लागि सबै पक्षको समन्वय र सहकार्य आवश्यक रहेको बताए । वन डढेलो नियन्त्रणको लागि सामुदायिक वनहरु बिच समन्वय सहकार्य आवश्यक रहेको बताउदै डढ्लो नियन्त्रणको लागि उभोक्ताहरुको भूमिका महत्पूर्ण हुनेमा जोड दिए ।

गाउँ बन समन्वय सञ्जालका अध्यक्ष खेमनारायण अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा देवदह आदर्श बहुमुखी क्याम्पस अध्यक्ष बासुदेव रिमाल, रोट्री क्लब देवदहका अध्यक्ष अर्जुन न्यौपाने, बुद्ध सामुदायिक वनका सचिव राधिका अर्याललगायतले आ-आफ्ना भनाइ राखेका थिए । बुद्ध सामुदायिक वनका उपाध्यक्ष थमनसिंह गुरुङ्गको स्वागत र सञ्जालका सचिव टेकबहादुर रानाको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।

# ढोरपाटनमा भारी हिमपात

ढोरपाटन (बागलुङ) । नेपालको एकमात्र सिकार आरक्ष ढोरपाटनसहित बागलुङको उच्च पहाडी क्षेत्रमा भारी हिमपात भएको छ । शुक्रबार दिउँसोदेखि भएको हिमपातले ढोरपाटन सेताम्य हिउँले ढाकिएको हो । हिमपातले स्थानीयको जनजीवन प्रभावित बनेको छ ।

हिमपातले ढोरपाटन उपत्यकासहित आसपासका क्षेत्र सेताम्य भएको ढोरपाटन नगरपालिका-९ का स्थानीय धनबहादुर विकले जानकारी दिए । हिमपातले गर्दा वस्तुभाउलाई घाँस दान हाल्नसमेत गाह्रो भएको स्थानीय विकले बताए ।

केही दिन अगाडिदेखि सामान्य वर्षा भएको उनको भनाइ छ । अहिले पनि निरन्तर हिमपात भइरहेको भन्दै स्थानीयलाई हिँड्डुल गर्नसमेत समस्या भएको उनले बताए । आलु रोप्नका लागि अधिकांश स्थानीय बोबाङ, अधिकारीचौरलगायतका क्षेत्रबाट ढोरपाटन उक्लिए पनि हिमपातले गर्दा प्रभावित बनेको विकको भनाइ छ ।

"चैत महिनामा कहिलेकाहीँ मात्रै हिउँ पर्थ्यो, यसपालि गर्मी बढ्न लाग्दा हिउँ पऱ्यो, यतिबेला ढोरपाटनवासीलाई आलु रोप्ने चटारो थियो तर हिउँ पर्दा काम प्रभावित भयो", विकले भने-"अलिअलि वर्षा त चाहिएको थियो, तर हिउँ परेर दैनिकीनै कष्टकर बनाइ दियो ।"

स्थानीय तुलराम पुनले हिमपातको कारण अत्यधिक चिसो बढेको बताए । रातिदेखि परेको भमरी हिमपात अहिले बाहिर निस्किएर हिँडडुल गर्न र पशुचौपायालाई घाँस दाना खुवाउन पनि समस्या भएको उनको भनाइ छ ।

**एमाले...**

साथै, उनले एमाले राजनीतिक शक्ति मात्रै नभइ देशको जटिल समस्या समाधान गर्ने गतिशील संस्था बन्नुपर्ने बताएका छन् ।

'अबको एमाले केवल राजनीतिक शक्ति मात्र होइन, देशका जटिल समस्या समाधान गर्ने 'विज्ञता र प्रविधि' सहितको एउटा गतिशील संस्था बन्नुपर्छ,' पाण्डेले भनेका छन्-'अबको एमाले बचाउन हामीले तीनवटा मुख्य क्षेत्रमा तत्काल काम गर्नुपर्छ ।'

यस्ता छन् उनले तत्काल गर्नुपर्ने कामका रुपमा अघि सारेका बुँदा :

पहिलो : विज्ञतामा आधारित राजनीतिः अब पार्टीले केवल भाषण होइन, विषयविज्ञ र अर्थशास्त्रीहरूसँगको सहकार्यमा देशको आर्थिक संकट समाधान गर्ने 'प्राविधिक रोडम्याप' तयार गर्नुपर्छ ।

दोस्रो : डिजिटल मेरिटोक्रेसीः व्यक्तिगत पहुँचका आधारमा जिम्मेवारी दिने प्रथा अन्त्य गर्न आधुनिक प्रविधि र पारदर्शी 'इभ्यालुएसन फ्रेमवर्क' लागू गर्नुपर्छ, जसले हरेक कार्यकर्ताको क्षमता र योगदानको निष्पक्ष मापन गरोस् ।

तेस्रो : संरचित पुस्तान्तरणः नयाँ पुस्तालाई नेतृत्वमा ल्याउन र अनुभवीहरूको ज्ञान उपयोग गर्न 'को-लिडरसिप र मेन्टरसिप' को वैज्ञानिक मोडल सुरु गर्नुपर्छ ।

**उधारो...**

साधारणसभामा स्वागत गर्दै तिलोत्तमा उद्योग वाणिज्य संघका अध्यक्ष ज्ञानेन्द्र कार्कीले अब बन्ने सरकारले कुनै दलको सफलताभन्दा पनि राष्ट्र र जनताको दीर्घकालिन हितका लागि प्राप्त अवसरको रुपमा ग्रहण गरेर सुशासन, पारदर्शिता, उत्तरदायित्व, आर्थिक गतिशिलता तथा उद्यमशिलतामा आधारित नीतिगत सुधारमार्फत् राज्य सञ्चालनलाई प्रभावकारी बनाउँदै देशलाई स्थायित्व र समृद्धितर्फ अग्रसर गराउनु प्रमुख आवश्यक रहेको औंल्याए ।

त्यस अवसरमा रुपन्देही सहायक प्रमुख जिल्ला अधिकारी मेघनाथ पाध्य, संघका वरिष्ठ उपाध्यक्ष सुरज पंगेनी, महासचिव राजकुमार पाण्डेले उद्योगी व्यवसायीका समस्या उजागर गर्दै अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको निजी क्षेत्रलाई दर्विलो बनाउने नीतिगत सुधारमा जोड दिएका थिए । त्यस अवसरमा संघले प्रकाशन गरेको विजनेश डाइरेक्ट्री र २०८३ सालको क्यान्लेण्डर विमोचन गरिएको थियो ।

# नेपालगञ्जमा थपियो तारे होटल

राँझा (बाँके) । पश्चिम नेपालको मुख्य व्यापारिक केन्द्र नेपालगञ्जमा करिब रु १५ करोडको लगानीमा तारे होटल कान्तिपुर प्लाजा सञ्चालनमा आएको छ ।

युवा उद्यमी ऋषिराम कँडेलको नेतृत्वमा निर्माण भएको यस होटलमा पाहुनाको आराम र सुविधालाई विशेष प्राथमिकता दिइएको छ । दुइतारे होटलमा कुल २७ वटा सुविधासम्पन्न कोठा रहेका छन् । विलासी अनुभव खोज्ने पाहुनाका लागि दुई वटा विशेष स्वीट रुमको व्यवस्था गरिएको सञ्चालक कँडेलले जानकारी दिए ।

उनका अनुसार, होटलका सबै कोठामा वातानुकूलित र २४ सै घण्टा तातोपानीको सुविधा रहेको छ । पाहुनाको सहजताका लागि आठ जना क्षमताको अत्याधुनिक लिफ्ट र सवारी साधनको सुरक्षाका लागि भूमिगत पार्किङको व्यवस्था गरिएको छ ।

"हामीले बास बस्ने सुविधा मात्र नभई व्यावसायिक कार्यक्रम र पारिवारिक उत्सवलाई पनि लक्षित गरेका छौँ", उनले भने-"नेपालगञ्ज आउने व्यावसायिक प्रतिनिधि, आन्तरिक तथा बाह्य पर्यटक एवं विशिष्ट पाहुनालाई स्तरीय आतिथ्य प्रदान गर्ने हाम्रो मुख्य उद्देश्य हो ।"

परिवर्तित समयसँगै होटलले आफ्नो बुकिङ प्रणालीलाई पनि आधुनिक बनाएको छ । पाहुनाले ई-सेवालगायतका विभिन्न डिजिटल प्लेटफर्मबाट सजिलै कोठा बुकिङ गर्न सक्ने व्यवस्था मिलाइएको छ । यसले गर्दा टाढाबाट आउने पर्यटकलाई झन्झटमुक्त यात्राको सुनिश्चितता प्रदान गर्नेछ ।

नेपालगञ्जको धम्बोझी चोकमा अवस्थित यस होटलले स्थानीय स्तरमा रोजगारीका नयाँ अवसर सिर्जना गरेको होटल व्यवसायी महासङ्घ बाँकेका अध्यक्ष भीमलाल कँडेलले बताए । नेपालगञ्जलाई ट्रान्जिट बनाएर कर्णाली र सुदूरपश्चिमका पर्यटकीय स्थलमा जाने पर्यटकका लागि बाँके र विशेष गरी नेपालगञ्जको आर्थिक तथा पर्यटकीय गतिविधिमा यसले विशेष टेवा पुऱ्याउने उनको भनाइ छ ।

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्क:
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्क:
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# बजारदेखि घरसम्मको सुविधाले निम्ताएको प्रदूषणको महामारी



गंगा पोखरेल

आजको आधुनिक जीवनशैलीले हामीलाई अकल्पनीय सुविधा दिएको छ। बजारमा पुग्दा सामान सजिलै उपलब्ध हुन्छ, अनलाइन अडर गर्दा घरमै डेलिभरी आइपुग्छ र दैनिक आवश्यकताका वस्तुहरू प्लास्टिकका प्याकेटमा सुरक्षित भएर घर-घरमा भित्रिन्छन्। तर यही सुविधा, जसले हाम्रो जीवन सहज बनाएको छ, आज वातावरणका लागि गम्भीर संकटको कारण बन्दै गएको छ। नेपालमा विशेष गरी पछिल्ला वर्षहरूमा प्लास्टिकको अनियन्त्रित प्रयोगले प्रदूषणको आयतन दिनप्रतिदिन बढाइरहेको छ।

पहिलेका दिनमा मानिसहरू कपडाको झोला बोकेर बजार जान्थे। तर अहिले बजारदेखि घरसम्मको यात्रा प्लास्टिकमा निर्भर भएको छ। अहिले बजारमा जुनसुकै पसलमा पनि सानोभन्दा सानो सामानदेखि ठूलो सामानसम्म प्लास्टिकका झोलामा दिने गरिन्छ। अझ अलि धेरै सामान भयो भने त प्लास्टिकका झोलालाई दोब्बर तेब्बर गरेर पनि सामान हातमा झुण्डाउँदै हिँडिरहेको दृश्य देख्न सकिन्छ। तरकारी, फलफूल, दालचामलदेखि दुग्धजन्य पदार्थ, पानीको बोतल, स्न्याक्स, औषधि सबै कुरा प्लास्टिकमै प्याक भएर आउँछ।

अत्यन्तै सस्तो रूपमा र सहजै उपलब्ध हुने प्लास्टिकका झोलाहरू दिनेले र लिनेले सजिलोसँग प्रयोग गरिरहेको देख्न सकिन्छ। अझ भनौ जति सामानका प्रकार छन् त्यति नै मात्रामा प्लास्टिकका झोलाहरूमा सामान दिने गरिन्छ।

विशेषगरी सहरी क्षेत्रहरूमा "एकपटक प्रयोग गरेर फाल्ने" (single–use) प्लास्टिकको प्रयोग अत्यधिक बढेको छ। प्लास्टिकका झोला, कप, प्लेट, स्ट्र, बोतल, र्यापरहरू जताततै फालिएको देख्न सकिन्छ। यी वस्तुहरू प्रयोग गर्न सजिला भए पनि, फालिसकेपछि तिनको व्यवस्थापन चुनौतीपूर्ण बनेको छ। राज्यले सरसफाइ व्यवस्थापनको लागि शहरी क्षेत्रबाट फोहोर सङ्कलनमा जति लगानी गरे पनि यत्रतत्र खोला, खोल्सा र खाली जमिनमा प्लास्टिकजन्य वस्तुहरू प्रशस्त मात्रामा देख्न सकिन्छ जसले गर्दा सहरी सौन्दर्यलाई नै विद्रुप बनाएको छ।

प्लास्टिक विघटन हुन नसक्ने विष हो। प्लास्टिकको सबैभन्दा ठूलो समस्या भनेको यसको अविनाशी प्रकृति हो। एउटा सामान्य प्लास्टिकको झोला विघटन हुन सयौं वर्ष लाग्छ। यसले माटो, पानी र हावामा विषाक्त प्रभाव पार्छ।

नेपालजस्तो देशमा, जहाँ फोहोर व्यवस्थापन प्रणाली अझै व्यवस्थित छैन, प्लास्टिकको समस्या झन् जटिल बनेको छ। अधिकांश प्लास्टिक फोहोर खुला ठाउँमा फालिन्छ, जलाइन्छ वा नदीमा बगाइन्छ। यसले वातावरणमा दीर्घकालीन क्षति पुऱ्याइरहेको छ। नदी र जलस्रोतमा प्लास्टिक प्रदूषणको प्रभाव व्यापक रूपमा देख्न सकिन्छ। नेपालका नदीहरू अहिले प्लास्टिक प्रदूषणको साक्षी बनेका छन्। शहरहरूबाट निस्किएको फोहोर सिधैं नदीमा मिसिन्छ। प्लास्टिकका बोतल, झोला, र्यापरहरू नदीको सतहमा तैरिरहेका देखिन्छन्।

यसले जलचर जीवहरूलाई प्रत्यक्ष असर पारेको छ। कृषि र माटोमा पनि प्लास्टिकजन्य पदार्थहरूको असर प्रत्यक्ष रूपमा देख्न सकिन्छ। प्लास्टिक फोहोर खेतबारीमा पुग्दा माटोको उर्वराशक्ति घट्छ। प्लास्टिकले माटोको संरचना बिगार्छ, जसले पानी र हावाको सन्तुलनमा असर पार्छ। यसले बाली उत्पादनमा कमी ल्याउँछ।

किसानहरूले प्रयोग गर्ने मल र विषादी पनि प्रायः प्लास्टिकको प्याकेटमा आउँछन्, जुन प्रयोगपछि खुला ठाउँमा फालिन्छ। यसले ग्रामीण क्षेत्रमा पनि प्लास्टिक प्रदूषण फैलाइरहेको छ।

प्लास्टिक केवल वातावरणीय समस्या मात्र होइन, यो मानव स्वास्थ्यको लागि पनि गम्भीर खतरा हो। प्लास्टिक जलाउँदा विषाक्त धुँवा निस्कन्छ, जसले श्वासप्रश्वाससम्बन्धी रोगहरू निम्त्याउँछ। त्यस्तै, प्लास्टिकका बोतल र कन्टेनरहरूबाट निस्कने रसायनहरू खाना र पानीमा मिसिदा यसले दीर्घकालीन रूपमा क्यान्सर, हार्मोन असन्तुलन, र अन्य रोगहरूको जोखिम बढाइरहेको छ।

यसको असर पर्यटन क्षेत्रमा पनि उत्तिकै पर्दछ।

नेपालको अर्थतन्त्रको महत्वपूर्ण हिस्सा पर्यटन हो। तर प्राकृतिक सौन्दर्य नै प्लास्टिकजन्य फोहोरले बिगार्दै गएको छ। हिमाल, जंगल, पदमार्ग, र धार्मिक स्थलहरूमा प्लास्टिकजन्य फोहोरको थुप्रो देखिन थालेको छ।

विदेशी पर्यटकहरू नेपाल घुम्न आउँदा स्वच्छ वातावरणको अपेक्षा गर्छन्। तर प्लास्टिक प्रदूषणले नेपालको छवि नकारात्मक बनाइरहेको छ। सम्मानित सर्वोच्च अदालतबाट २०७८/७९ बजेटको वक्तव्यको बुँदा नम्बर १६० मा ४० माइक्रोनभन्दा कम पातलो प्लास्टिकका झोलाहरूलाई २०७८ श्रावण १ गतेबाट पूर्णरूपमा देशैभर प्रतिबन्ध लगाउने भन्ने आदेश उपर पनि यो कार्यमा कुनै कार्यान्वयन हुन सकेको छैन। वास्तवमा यो अत्यन्तै राम्रो निर्णय थियो। अहिले डम्पिङ साइडको एरियामा ८० प्रतिशत फोहोर चालीस माइक्रोनभन्दा पातलो प्लास्टिकहरू देख्न सकिन्छ। सम्भव भएका ठाउँमा पनि प्लास्टिकको विकल्प खोज्ने इच्छाशक्ति नहुँदा यसले वातावरणमा प्रत्यक्ष असर पारिरहेको छ, यो एउटा विकराल समस्या हो।

प्लास्टिक नियन्त्रणसम्बन्धी सरकारी प्रयास पनि कढाईका साथ लागू हुन नसक्दा यो चुनौतीपूर्ण बनेको छ। यसरी प्लास्टिकजन्य पदार्थहरूको प्रदूषण बढ्दै जानु जनचेतनाको अभाव र वैकल्पिक उपायहरूको कमी हो। जबसम्म मानिसहरूले आफ्नै बानी परिवर्तन गर्दैनन्, तबसम्म नियम मात्रले समस्या समाधान गर्न सक्दैन।

प्लास्टिक प्रदूषणको समाधानमा उपभोक्ताको भूमिका अत्यन्त महत्वपूर्ण छ। हामी सबैले साना-साना बानी परिवर्तन गरेर ठूलो प्रभाव पार्न सक्छौं। बजार जाँदा कपडाको झोला प्रयोग गर्ने अत्यावश्यक काममा बाहेक प्लास्टिकका झोलाहरूको प्रयोगलाई घटाउने हो र प्रयोगमा ल्याएका प्लास्टिकजन्य सामग्रीहरूको उचित व्यवस्थापन प्रत्येक घरले गर्न सक्यो भने मात्रै समग्र वातावरणको संरक्षण गर्न सकिन्छ। साथै, ग्राहकलाई प्लास्टिकको सट्टा वैकल्पिक सामग्री दिन प्रोत्साहन गर्नुपर्छ।

"नो प्लास्टिक" अभियानलाई व्यापक रूपमा प्रचारप्रसार गरी प्लास्टिकजन्य सामग्रीको दीर्घकालीन असरबारे सचेतना जगाउँदै जनस्तरबाटै प्लास्टिक प्रदूषणलाई घटाउन सकिन्छ। प्लास्टिक प्रदूषण नियन्त्रण गर्न दीर्घकालीन योजना बनाउन आवश्यक छ। यसका लागि प्रभावकारी फोहोर व्यवस्थापन प्रणाली विकास,

पुनःप्रयोग र पुनर्चक्रण (recycling) प्रवर्द्धन

जनचेतना अभियान सञ्चालन गरिनुपर्छ। साथै, विद्यालय र समुदायस्तरमा वातावरणीय शिक्षा दिनु पनि अत्यन्त जरुरी छ।

**निष्कर्ष**

प्लास्टिक प्रदूषण कुनै एक व्यक्ति वा संस्थाको समस्या होइन। यो हाम्रो साझा चुनौती हो।

आज हामीले लिएको सानो निर्णयले भोलिको वातावरण निर्धारण गर्छ। यदि हामीले अहिले नै सचेत भएर प्लास्टिकको प्रयोग घटाउने प्रयास गरेनौं भने, आगामी पुस्ताले यसको ठूलो मूल्य चुकाउनुपर्नेछ।

त्यसैले, समयमै सचेत बनौं, आफ्ना बानी परिवर्तन गरौं, र स्वच्छ, हराभरा नेपाल निर्माणमा योगदान गरौं।

# ३० दिनको व्रतपछि मुस्लिम समुदायले मनाए इद

मोहम्मद हबिब

*भैरहवा*



मुस्लिम धर्मावलम्बीहरुले ३० दिनको रोजा पूरा गरेर शनिबार इद मनाएका छन्। शुक्रबार सूर्यास्तपछि सव्वाल महिनाको चन्द्रमा देखिएपछि रमजानको बिदा गर्दै इद उलफित्र अर्थात् इद मनाएका हुन्। सामान्यतया इस्लामिक महिना २९ र ३० दिनको बिहीबार २९ दिनमा चन्द्रमा नदेखिएपछि शनिबारको लागि इद तय भएको हो। शुक्रबार मुस्लिम समुदायले अलबिदाको नमाज पनि अदा गरेका छन्। पवित्र ग्रन्थ कुरान अवतरण भएको महिना रमजान मुस्लिम समुदायको पवित्र महिना पनि हो। इद भैरहवासहित देश विदेशभरि धुमधामका साथ मनाइएको छ। साउदी अरबलगायतका खाडी मुलुकमा भने शुक्रबार नै इद मनाइएको छ। आत्मसंयम र शुद्धिका लागि एक महिनासम्म रमजानको रोजा (व्रत) सकिएको भोलिपल्ट इद मनाइने गरिन्छ। रमजान उर्दु क्यालेन्डरको नवौं महिना हो।

यस क्षेत्रका मुस्लिमहरु स्थानीय गल्लामण्डीको इदगाह, बसडीलवालगायतका इदगाह र केही मस्जिदहरुमा विहान ८ बजेदेखि ९ बजेको समयमा सामूहिक इदको नमाज पढिन्छ भने रुपन्देहीसहित विभिन्न स्थानमा रहेको इद गाहमा पनि इदको नमाज पढिएको छ। इद गाह नमाज पढ्न बनाइएको विशेष खुल्ला ठाउँ हो, खूल्ला अकाशमुनि पढिने नमाज वर्षको दुई पटक मात्रै इद गाहमा मुस्लिम समुदायले सामूहिक रुपमा २ रिकात नमाज पढेका छन्। इस्लाम धर्मको महान पर्व (इदुल फित्र) इद र (इदुलअजहा) बकरइदको दिन मात्रै मुस्लिम समुदाय एकत्रित भइ इद गाहमा नमाज पढ्ने गर्छन्।

इदको दिन बिहानै नुहाइधुवाइ गरी सुकिला, सफा कपडाका साथमा बासनादार अत्तर लगाइ इद गाह वा मस्जिदमा जम्मा भई समूहमा नमाज पढिन्छ। प्रार्थनामा सम्पूर्णको स्वास्थ्य, शान्ति र अमनचयनको कामना गर्ने गरिन्छ। सोपश्चात् एकआपसमा गला मिलाएर इद मुबारक भन्दै एकआपसमा शुभकामना साटासाट गर्ने नमाजपछि इदको विशेष परिकार सेवइका साथै अन्य मिठाइका परिकारहरु र खानेकुरा खाएर शुभकामनासहित पाहुनाहरुलाई स्वागत गर्छन्।

विपन्न, अशक्त, टुहुरा, असहाय आदिलाई दान दिएर खुशी पार्नु पर्ने यो चाडको प्रमुख विशेषता हो। इदको पूर्व सन्ध्यामा रमजानको महिनामा गरिने उपासनाबाट अन्य महिनाभन्दा ७० गुणा बढी लाभ मिल्ने धार्मिक विश्वास छ।

इद उल-फित्रकै अवसरमा सरकारले बिदा समेत दिएको थियो। एक महिनासम्म चल्ने रमजानमा इस्लाम धर्मावलम्बीहरुले उपवास (व्रत) बस्नुपर्छ, जसलाई 'रोजा' भनिन्छ। रोजामा इस्लाम धर्मावलम्बीहरु बिहान सूर्य उदाएदेखि सूर्यास्त नहुँदासम्म प्रत्येक दिन एक महिनासम्म पानी समेत नखाइ ब्रत बस्ने गर्छन्।

सूर्य उदाउनुभन्दा लगभग दुई घन्टा अगाडि केही खानेकुरा (सेहरि) खाई सुरु गरिएको (व्रत) रोजा सूर्यास्त भइसकेपछि अफतारी (व्रत तोडनु)गरी रोजा खोल्नुपर्छ। रोजाको समयमा मुसलमान निराहार यहाँसम्मकी जानेर थुक पनि निल्नु हुँदैन।

रोजा जस्तो कठिन व्रत गर्ने व्रतालुले यस महिनालाई पवित्र महिनाका रुपमा लिएको पाइन्छ। रोजा अशक्त, बिरामी र बालबालिकाबाहेक सबैलाई अनिवार्य छ। तीस दिनको यो रमजान महिनालाई तीन भागमा बाँडिएको छ। पहिलो १० दिनको अवधिलाई बरक्कत (फलिफलाप), दोस्रो १० दिनको अवधिलाई रहमत (दया-माया) र अन्तिम १० दिनको अवधिलाई मगफिरत (अल्लाहबाट माफी) पाउने मुसलमानले यी तीन कुरा प्राप्त गर्न अल्लाहको आदेशलाई पालना गर्न रोजा बस्ने गर्छन्।

झूटो नबोल्नु, शान्तिले बस्नु र गरिब तथा दीनदुःखीलाई दान र दया गर्नु यो पर्वको विशेषता हो। रमजान महिना गरिब, दिनदुःखी र असहायका लागि नराम्रो नहोस् भन्ने दृष्टिकोणबाट अल्लाहले इस्लाम धर्ममा यस महिनाका लागि विशेष व्यवस्था गरेका छन्।

यस महिनामा प्रत्येक मुसलमानले जनही एक किलो ७५० ग्राम गहुँ वा सो बराबरको मूल्य फित्तरा निकाल्नुपर्छ भने वर्षभरिको आम्दानी र सम्पत्तिबाट अढाइ प्रतिशत जकात (कर) निकाल्नुपर्छ, यस्तो फित्तरा र जकात गरिब, असहाय, दिनदुःखी र मस्जिद वा मदरसामा दिनुपर्छ। फित्तरा र जकात इदुलफित्र अर्थात् इदको नमाज पढ्नुभन्दा अगावै निकाली सक्नुपर्छ। यो नेपालमा मात्र नभई संसारभरिकै मुसलमानमा लागू हुन्छ। अल्लाहका लागि त्याग, समर्पण र बलिदानको भावना जागृत भएर आउने रमजान महिनामा मुसलमान आस्था र विश्वासलाई अझ दृढ बनाउन मद्दत गर्ने मान्यता रहेको छ।

रोजाको अवधिमा शारीरिक रुपमा दुब्लाए पनि मानसिक रुपमा निकै गौरवान्वित ठान्ने मुस्लिमले इस्लाम धर्मका पाँच आधारभूत सर्त कलमा, रोजा, नमाज, जकात र हजअन्तर्गत हजबाहेक सबै आधारभूत सर्तहरु पूरा गर्ने अवसर प्राप्त गर्छन्।

इदको ७०औं दिनमा बकरिद अर्थात् 'इदउलअजहा' पर्व मनाउने गरिन्छ। जसकोलागि मुस्लिमहरु 'हज' का लागि साउदी अरबको मक्का मदिना जाने पनि गर्छन्।

# मणिमुकुन्दका बीबीएसका विद्यार्थीलाई स्वागत र बिदाई




बुटवल। मणिमुकुन्द कलेजमा बीबीएस पहिलो वर्षमा भर्ना भएका विद्यार्थीलाई स्वागत र चौथो वर्षको अध्ययन पूरा गरेका विद्यार्थीहरुको बिदाई गरिएको छ।

कलेजमा अध्ययनरत विद्यार्थीहरुको संस्था कम्ब्स्को आयोजनामा महाराजा रिसोर्टमा कार्यक्रम भएको हो।

कार्यक्रममा बोल्दै कलेजका प्राचार्य टुकबहादुर क्षेत्रीले मणिमुकन्दले अनुशासन र संस्कार सहितको शिक्षालाई उच्च प्राथमिकता दिएर विद्यार्थीमैत्री आधुनिक शिक्षण सिकाइ र सुविधासम्पन्न भौतिक पूर्वाधारमार्फत् उत्कृष्ट नतिजा ल्याउन सफल भएको बताए।

विद्यार्थीको उत्कृष्ट रिजल्ट आउन विद्यार्थी, प्राध्यापक र अभिभावक तीनै पक्षको मेहनत आवश्यक पर्ने प्राचार्य क्षेत्रीले स्पष्ट पारे।

संस्थाका सञ्चालक समिति उपाध्यक्ष उमापति न्यौपानेले मणिमुकुन्दले शैक्षिक गुणस्तर मात्र नभई अतिरिक्त क्रियाकलाप र खेलकुदमा पनि संस्थाले निरन्तर लगानी गरेर विद्यार्थीको सर्वाङ्गीण विकासमा जोड दिएको बताए।

कार्यक्रममा उपप्राचार्य दिवाकर खनाल, प्याब्सन लुम्बिनीका अध्यक्ष लालहरि पाण्डे, व्यवस्थापन संकाय संयोजक पशुपति चौधरीलगायतले आफ्नो मन्तव्य राखेका थिए। बीबीएस संयोजक दिनेश पाण्डेको स्वागत र विद्यार्थी दीपा मल्लको अध्यक्षतामा भएको कार्यक्रममा विद्यार्थीहरुले गीत र नृत्य प्रस्तुत गरेका थिए।

# एमाले नेता वलीले दिए राजीनामा

बुटवल। नेकपा एमाले, रोल्पाका नेता शान्तकुमार वलीले केन्द्रीय नेतृत्वको व्यक्तिकेन्द्रित कार्यशैलीप्रति असन्तुष्टि राख्दै पार्टी परित्याग गरेका छन्।

फेसबुकबाट राजीनामा सार्वजनिक गर्दै उनले पार्टी परित्याग गरेका हुन्।

सशस्त्र द्वन्द्वकालमा माओवादीको आधार इलाका मानिने रोल्पामा एमालेको जिल्ला सचिवका रुपमा उनले पार्टीको नेतृत्व गरेका थिए।

२०६४ को पहिलो संविधानसभा निर्वाचनमा उनी प्रचण्डका प्रतिस्पर्धी थिए। २०७४ को स्थानीय निर्वाचनमा त्रिवेणी गाउँपालिका अध्यक्ष जितेका थिए।

उनले दिएको राजीनामा आफू स्वतन्त्र जीवनयापन गर्ने उल्लेख गरेका छन्।


आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो. ९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com








सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com